# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोशी प्रदेश
## दुहवी, सुनसरी

(दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहवी, सुनसरी स्था: २०७३)

प.स.२०८०।०८१
च.नं.

## पुनः प्रस्ताव आव्हानको सूचना

दोश्रो पटक प्रकाशन मितिः-२०८०/११/१४

प्रस्तुत विषयमा दुहवी नगरपालिका पशु सेवा शाखा दुहवी, सुनसरीको आ.व.२०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्नका लागि दुहवी नगरपालिकाभित्रका इच्छुक कृषक/समुह/ समिति/सहकारी/कम्पनी/फर्म/निजी उद्यमीहरुका लागि प्रथम पटक मिति २०८०।१०।२१ गते प्रकाशित सूचना अनुसार पर्याप्त आवेदनहरु प्राप्त हुन नआएको हुदा पहिले प्राप्त आवेदनहरुलाई यथावत राखी पुनः प्रस्ताव आव्हानको लागि दोश्रो पटक सूचना प्रकासन गरिएको छ । सूचना प्राकाशित भएको मितिले ७ औं दिन (२०८०।११।२०) सम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्न हुन आहान गरिन्छ । साथै कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकले न्युनतम ५ कठ्ठा जग्गामा घाँस खेती गर्नु पर्नेछ । रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

थप जानकरीका लागि मो नं.९८५२०६३९३३/९८४२७७६२६६मा सम्पर्क गर्न सकिनेछ ।

| क.स. | कार्यक्रमको नाम | सख्या | अनुदान रकम | कार्यक्रम लागु हुने क्षेत्र | लक्षित वर्ग |
|---|---|---|---|---|---|
| १. | हरीयो घाँस विस्तार कार्यक्रम | प्रस्तावको अधारमा | एक बर्षे घाँस (टियोसेन्टि,सुडान आदी ) प्रति कठ्ठा रु. १२००।- | दुहवी नगरपालिका भीत्र | कृषक/कृषक समुह/ समिति/ सहकारी/ कम्पनी/ फर्म/ निजी उद्यमिहरु |
| २. | " " | " " | बहु बर्षे घाँस (नेपियर,भटमासे,इन्दु,किम्वु आदि) प्रति कठ्ठा रु.३०००।- | " " | |

निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः-

१. अनुसूची ३ बमोजिमको निवेदन ।
२. अनुसूची २ बमोजिमको संक्षिप्त कार्ययोजना ।
३. निवेदकको नेपाली नागरीकताको प्रतिलिपि ।
४. समुह/ समिति/सहकारी/ कम्पनी/ फर्म/ निजी उद्यमिहरुको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. समुह/ समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि ।
६. सम्वन्धीत वडा कार्यालयको सिफारिस ।
७. समुह/ समिति/सहकारीको हकमा कार्य समितिको नामावली ।
८. घाँस लगाउने जग्गाको प्रमाण-पूर्जाको प्रतिलिपि ।
९. विगत २ बर्षभित्र यसै प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र ।

आवेदकहरुले निवेदन र संक्षिप्त कार्य-योजनाको ढाँचा पशु सेवा शाखा दुहवीवाट प्राप्त गर्न सकिनेछ ।

११।१४
नीलमणी खनाल
उप-सचिव
शिक्षा युवा तथा खेलकुद शाखा